लुम्बिनी प्रदेश सरकार

# लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय

राप्ती उपत्यका (देउखुरी), नेपाल ☎:०८२-४१३१०५

पत्र संख्या ०८०/८१
चलानी नं.

मिति:२०८०/११/०८

**बिषय : विशेष अनुदानतर्फका आयोजना प्रस्ताव गर्ने सम्बन्धमा (सुचना)।**

श्री स्थानीय तह (१०९) सवै,
लुम्बिनी प्रदेश ।

प्रस्तुत विषयमा "विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि २०७६ (पहिलो संशोधन, २०८० समेत)" को दफा ३(२) मा स्थानीय तहले विशेष अनुदानको लागि प्रस्ताव माग गर्दा आ.व. २०८०।८१ को हकमा आयोगले सूचना प्रकाशित गरी तोके बमोजिम हुनेछ भन्ने व्यवस्था रहेकाले तहाँ स्थानीय तहले चालु आ.व. २०८०।८१ मा विशेष अनुदानका आयोजना उक्त कार्यविधिमा तोकिएको प्रक्रिया पुरा गरी मिति २०८०।११।१४ गतेभित्र देहाय बमोजिमको क्षेत्र र वजेट सीमाको अधिनमा रही तपशिलका शर्त सहित आयोजना प्रस्ताव गर्नुहुन आयोगको मिति २०८०।११।०६ को निर्णयानुसार अनुरोध छ ।

देहाय

१. **विषयक्षेत्र** : विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि २०७६ को दफा ३ मा उल्लेख भए बमोजिमका विषयक्षेत्रहरुमा प्रस्ताव पेश गर्न सकिने छ ।

२. **वजेट सीमा** : प्रति आयोजना न्युनतम रु. १० लाख र अधिकतम रु. ५० लाखसम्मको माग प्रस्ताव पठाउन सकिनेछ ।

३. **शर्तहरु**

   १. विशेष अनुदानका लागि अनुसूची १ बमोजिम आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा तोकिएका क्षेत्रहरुका आयोजना/कार्यक्रमको मात्र प्रस्ताव पठाउनु पर्नेछ ।
   २. कार्यक्रम प्रस्ताव गर्दा स्थानीय तहको आधिकारिक पत्र सहित कार्यपालिकाको निर्णय र आयोजना तथा कार्यक्रमको लागत अनुमानको सारांश अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ ।
   ३. आगामी आ.व.को लागि दायित्व सृजना नहुनेगरी चालु आ.व. मा नै सम्पन्न हुने आयोजना/कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ ।
   ४. विशेष अनुदान अन्तर्गत स्वीकृत आयोजना तथा कार्यक्रमको रकम अन्यत्र रकमान्तर गर्न पाइने छैन। साथै चालु आ.व. को अन्तिम सम्म विनियोजित रकम खर्च हुन नसकी बाँकी रहेमा बाँकी रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्नेछ ।
   ५. चालु आर्थिक बर्षमा बिशेष अनुदानका लागि संघीय अर्थ मन्त्रालय वा योजना आयोगमा निवेदन दिईसकेका र चालु आ.व.मा संचालनमा रहेका आयोजना/कार्यक्रमको माग प्रस्ताव गर्न पाइने छैन । साथै जुनसुकै स्रोतवाट अनुदान प्राप्त गरी संचालित आयोजना/कार्यक्रमसंग दोहोरो नपर्ने गरी प्रस्ताव गर्नुपर्नेछ ।
   ६. विषेश अनुदान सम्बन्धि प्रस्ताव आयोगमा सोझै वा आयोगको इमेल ठेगाना infoppc.p5@gmail.com मा पठाउनुपर्नेछ।
   ७. म्याद नाघी आएका प्रस्ताव उपर कार्वाही हुने छैन ।

पुनश्च: विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि २०७६ र विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि पहिलो संशोधन, २०८० लुम्बिनी प्रदेश अर्थ मन्त्रालयको वेवसाइट moeap.lumbini.gov.np वाट डाउनलोड गर्न सकिने छ ।

सचिव २०८०।११।८

सचिव